नेपाल सरकार
शिक्षा मन्त्रालय

# शिक्षा विभाग

सानोठिमी, भक्तपुर

पत्र संख्या : ०६६/६७
च.नं.

सानोठिमी, भक्तपुर

मिति : २०६७/१/५

विषय : प्राथमिक तहको शिक्षा सुनिश्चित गर्ने कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला शिक्षा कार्यालय,
७५ ओटै ।

प्रस्तुत विषयमा प्राथमिक तह विद्यालय उमेर समूहका सबै बालबालिकाहरूका लागि प्राथमिक तहको शिक्षा सुनिश्चित गर्न २०६७ बैशाख महिनादेखि देहाय बमोजिमका कार्यक्रमहरू गर्ने गराउने व्यवस्था गर्नुहुन अनुरोध छ ।

1= जिल्ला शिक्षा समितिको संयोजनमा जिल्लास्तरमा रहेका राजनैतिक दलहरू, शिक्षकका प्रतिनिधिमूलक संस्थाहरू, कार्यरत सरकारी तथा गैह्र सरकारी संघसंस्थाहरू, पत्रकार, दलित जनजाति, अपाङ्ग लगायतका अन्य सरोकारवाला संघसंथाहरूसमेतको संयुक्त भेला बोलाउने । उक्त भेलाबाट प्राथमिक विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउने प्रयोजनका लागि जिल्लाको दुर्गम तथा पिछडिएको गाविस र महा/उप/नगरपालिका जहाँ बालश्रमिक (घरेलु, यातायात क्षेत्रमा संलग्न, इट्टाभट्टा आदिमा काम गर्ने) सडक वालवालिका, सीमान्तकृत, लोपोन्मुख, अपांगता भएका, दलित, एचआइभी/एडस् संक्रमित लगायतका बालबालिकाहरूको संख्या अधिक भएका कम्तिमा ५ गाविस वा कुनै एक नगरपालिका छनौटका लागि जिल्ला शिक्षा समितिलाई सिफारिस गर्ने ।

2= उक्त सिफारिश र कार्यक्रम कार्यान्वयन हुने गाविस र महा/उप/नगरपालिकाको तत्परता र थप स्रोत परिचालन गर्नसक्ने कुराहरूलाई समेत आधार मानी जिल्ला शिक्षा समितिले गाविस र नपा छनोट गर्ने ।

3= गाविस र नपा छनोट भइसकेपछि कार्यक्रम कार्यान्वयन हुने गाविस र नपा समेतको अनिवार्य प्रतिनिधित्व हुनेगरी राजनैतिक दलहरू, शिक्षकका प्रतिनिधिमूलक संस्थाहरू, कार्यरत सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरू, पत्रकार, दलित जनजाति, अपाङ्ग लगायतका अन्य सरोकारवाला संघसंथाहरूसमेत सहभागिता हुने गरी जिल्लास्तरमा सरोकारवालाहरूको एउटा सञ्जाल गठन गरी अनिवार्य प्राथमिक शिक्षा र परिचालन गर्ने व्यबस्था गर्ने ।

4= कार्यक्रम कार्यान्वयन गर्नको लागि छनौट भएका प्रत्येक विद्यालय सेवा क्षेत्रमा अभिभावक, विद्यार्थी, शिक्षा क्षेत्रमा कार्यरत सरकारी तथा गैह्रसरकारी संघसंस्था, शिक्षक पत्रकार, नागरिक समाज, दलित जनजाति र अपांगसँग सम्बन्धित संस्थाहरू सबैको भेला गरी कार्यसमूह गठन गरी कार्यक्रमको बारेमा र अब गर्नुपर्ने कार्यका बारेमा जानकारी गराइ कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गर्ने । यस क्रममा स्थानीयस्तरमा जनचेतना अभिवृद्धि गर्न अभिभावक, राजनीतिक दल, शिक्षक विद्यार्थी, पत्रकार, गैह्रसरकारी संस्थाका प्रतिनिधि एवम् नागरिक समाज लगायत सम्बन्धित सबै सरोकारवालाहरूसँग अन्तरक्रिया र छलफल गर्ने, स्थानीय सञ्चार माध्यम-पत्रपत्रिका, एफ्.एम्. आदिबाट प्रचारप्रसार गर्ने ।

5= छनोट भएका गाविसहरू/नपामा विद्यालयको संयोजनमा सामाजिक नक्शाङ्कन गरी सेवाक्षेत्रका विद्यालयबाहिर रहेका बालबालिका, सडक बालबालिका, अपाङ्गता भएका बालबालिका, दृष्टिविहीन र न्यूनदृष्टि भएका बालबालिका, कम्लहरी, एच. आइ. भी. एड्सबाट पीडित बालबालिका, श्रमिक बालबालिका, कामका लागि बसाइ सरिरहने घुमन्ते परिवारका बालबालिका तथा घरेलु कामदारकारूपमा रहेका बालबालिका एवम् आर्थिक तथा सामाजिक कारणबाट विद्यालय जानबाट वञ्चित बालबालिकाहरू पहिचान गरी उनीहरूको तथ्याङक एकीन गर्ने ।

फोन नं. ६६३४१७८–८० (आन्तरिक २०५/२०७/२०९/२११) फ्याक्स नं. ६६३१९७२,
वेभसाइटः- www.doe.gov.np इमेलः- doegender@gmail.com

नेपाल सरकार
शिक्षा मन्त्रालय
# शिक्षा विभाग
सानोठिमी, भक्तपुर

पत्र संख्या : ०६६/६७
च.नं.

सानोठिमी, भक्तपुर

6= हरेक विद्यालयले सेवाक्षेत्रभित्रका विद्यालय भर्ना भएका र नभएका बालबालिकाहरूको खण्डीकृत तथ्याङ्क विद्यालयको सूचना पाटीमा टाँस्ने व्यवस्था मिलाउने । विद्यालय आउन बाँकी बालबालिकाहरूको विवरण र उनीहरूका अभिभावकको विवरण अध्यावधिक गर्ने । प्रत्येक विद्यालयले विद्यालय आउन बाँकी बालबालिकाहरूका अभिभावकहरूलाई भेला गराई उनीहरूसमावेश भएको कार्यमूलक समूह गठन गर्ने । यस किसिमको कार्यमूलक समूहमा विद्यालय आउन बाँकी रहेका बालबालिकाहरूका अभिभावकहरूलाई नै प्राथमिकता दिने । र समितिको कार्यसन्चालनमा सहजता ल्याउन अन्य व्यक्तिहरू पनि समावेश गर्ने ।

7= माथि नं. ४ मा गठन भएको कार्यमूलक समूहको परिचालनबाट उक्त ५ वटा गाविस वा एक नपा भित्रका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गराउने कार्ययोजना तयार गर्न लगाउने । के कस्ता उपाय अपनाउँदा लक्षित बालबालिकालाई विद्यालयमा भर्ना गराउन, टिकाई राख्न र तहपूरा गराउन मद्दत पुग्छ भनी पहिचान गरी कार्ययोजनामा समावेश गर्ने ।

8= शिक्षा विभागबाट यस कार्यका लागि ६५/३/८१५ को क्रियाकलाप नं. २.१.३ बाट बजेट पठाइएको छ। उक्त शीर्षकमा प्राप्त बजेट रकम माथि पहिचान भएका बालबालिकाको संख्याका आधारमा पाठ्यपुस्तक र छात्रवृत्तिलाई आधारमा मानी हुन आउने एकमुष्ठ रकम विद्यालयको खातामा निकाशा दिने । उक्त रकम विद्यालयको संयोजनमा स्थानीय स्तरमा कार्यमूलक समूहको परिचालन गर्ने कार्यमा खर्च गर्ने । कार्यमूलक समूहलाई रकम दिने कार्यका सम्बन्धमा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराएरमात्र दिने व्यवस्था मिलाउने । विद्यालयमार्फत कार्यमूलक समूहले विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय ल्याउने कार्यमा उक्त रकम प्रयोग गर्न सक्नेछन् ।

9= कार्यमूलक समूहले ती बालबालिकालाई सहयोग पुग्ने गरी बनाइएको कार्ययोजना अनुसारको कार्यसम्पादन गरी सबै बालबालिका विद्यालय ल्याएमा एकमुष्ठरूपमा रकम पाउन सक्ने छन् । यो रकमबाट उनीहरूको निर्णय बमोजिम समूहकै परिचालन र बालबालिकाको शिक्षामा खर्च गर्न सकिनेछ।

10= यस शीर्षकमा विनियोजन भएको रकमबाट ७.५% भन्दा बढी रकम जिल्ला शिक्षा कार्यालयले प्रशासनिक खर्च मसलन्द प्रचार/सार आदिका काममा खर्च गर्न सकिने छैन ।

11= जिल्लामा अनिवार्य शिक्षा कार्यान्वयन गर्न जिल्लाका सरोकारवालाहरू समेतको सहभागितामा कार्ययोजना निमार्ण, बजेट बाँडफाँड र कार्यान्वयन प्रक्रिया आदिका सम्बन्धमा जिल्ला शिक्षा समितिबाट निर्णय गराउनु पर्नेछ ।

.....................
खगराज वराल
निर्देशक

**बोधार्थ :**

श्री क्षेत्रीय शिक्षा निर्देशनालय ५ ओटै :- यो कार्यक्रमको अनुगमन गर्नुहुन ।

फोन नं. ६६३४१७८–८० (आन्तरिक २०५/२०७/२०९/२११) फ्याक्स नं. ६६३१९७२,
वेभसाइट:- www.doe.gov.np इमेल:- doegender@gmail.com